# "प्रधानमन्त्री रोजगार कार्यक्रमबाट जिवन परिवर्तन"

**पदम बहादुर पाण्डे**
**मोबाइल नं. ९८४७१००१०३**

म पदम बहादुर पाण्डे, मेरो जन्म एक सामान्य परिवारमा वि.स.२०३३।१०।१४ गते बिहिबार रिब्दीकोट गा.पा. वडा नं. ३ सिरुखर्क टोल सिमलगैरा भन्ने ठाउँमा भएको हो । मेरो जन्म हुँदा परिवार संख्या ९ जना थियो । मेरो परिवारको आर्थिक स्थिति कमजोर थियो । जागिर गरी पैसा कमाउने व्यक्ति कोही थिएनन् खाली सामान्य कृषि पेशा, कोही बाहिर मजदुर गर्दै मेरो पारिवारिक जीवन चलेको थियो । पैसाको अभावले गर्दा मेरा दाई दिदीहरु पढ्ने राम्रो शिक्षा लिने अवसरबाट बञ्चित हुनु पर्‍यो । मैले जसतस गरी ९ कक्षा पास गरे । हाल मेरो परिवारमा २ छोरी, १ छोरा, श्रीमती र म गरी जम्मा ५ जनाको परिवार रहेको छ । ३ छोराछोरीले पढ्दै छन् भने श्रीमती र म कृषि पेशामा संलग्न छौ । मेरो वार्षिक आम्दानी रु २५०००।- हुन्छ भने कृषि पेशाबाट धौ धौले २।३ महिना खान पुग्छ ।

त्यस्तै गरी कही कतैबाट मिसन अस्पतालमा जागिरको सूचना प्रकाशन भएको थाहा पाए अनि निवेदन पनि दिए र सफल पनि भए । मलाई उक्त अस्पतालको मर्मत शाखामा दैनिक ज्यालादारीमा काम गर्ने अवसर प्राप्त भयो ।
बिस्तारै मिसन अस्पतालकै अर्को विभाग लन्ड्री हाउस किपिङ्ग विभागमा काम गर्ने मौका पाए । मिति २०५५।४।१ गते देखि लन्ड्री हाउस किपिङ्ग क्लिनरको काम शुरु गरेको ६ महिना परीक्षण काल पुरा गरे । त्यसपछि म  स्थायी नियुक्ति सहित सम्पूर्ण सेवा सुविधाहरु पाउन थाले । म खुशीसाथ आफ्नो काम गर्दै गए ।  एक वर्ष पूरा काम गरिसकेपछि मलाई मेरो कामको क्षमता, अनुशासन, इमान्दारीता आदि सबै हेरी मेरो स्तरबृद्धि गरी हाउस किपिङ क्लिनरको इन्चार्जको थप जिम्मेवारी थपियो । पुनः युनाइटेड मिसन अस्पतालको लन्ड्री हाउस किपिङ्ग विभागको सुपरभाइजर पदको जिम्मेवारी पाए र आफ्नो काम कर्तव्य अनुसार काम गर्दै गए मलाई काम गर्दा कुनै समस्या बाधाहरु पनि आएनन् र मैले सानो काम देखि ठूलो जिम्मेवारी पाएको र मलाई सबै कामको बारेमा अनुभव पनि भएकोले कामगर्न सजिलो भयो । अचानक मलाई विदेश जाने इच्छा जाग्यो र वि.सं. २०६५।११।१ गतेका दिन राजिनामा दिई मिति २०६५।१२।१ गतेका दिन राजिनामा स्वीकृत भई विदेशको चक्करमा लागे । अनि म धेरै महिनापछि दुबई (विदेश) गए तर **सोचे जस्तो रहेनछ जिन्दगी भने झै १ वर्ष मै नेपाल** फर्किए । त्यसपछि घरमा पसल गर्न शुरु गरे त्यसबाट पनि सफल हुन सकिन ।

वि.स.२०७५ साल तिर जागिरमा भौतारिएको बेला प्रधानमन्त्री रोजगार कार्यक्रम देशको ७५३ वटै स्थानीय तहमा कार्यान्वयन हुन लागेको सुन्दा अब केही अवसर पाइएला भन्ने सोचका साथ हर्ष विभोर भए । गाउँपालिका स्थित रोजगार सेवा केन्द्रमा आ.व २०७६।०७७मा सूचीकृत भएमा कामका लागि पारिश्रमिक आयोजनामा काम गर्न पाइने कुरा वडा नं. ३ को सूचना प्रकाशन भएको कुरा जानकारी पाए । सोही अनुरुप वडामा सम्पर्क गरी बेरोजगार निवेदन फर्म भरे । आ.व. २०७६।०७७ मा साठीहाते छिहिरो तथा नाली निर्माण सामुदायिक आयोजनामा उपभोक्ता समितिको मुख्य पद सचिवको नेतृत्व लिएर ३० दिनको ५१७-दरले आयोजनामा श्रम बापतको पारिश्रमिक/ज्याला रकम रु १५५१०।-मा कर कट्टी गरी रु १५,३५५।- प्राप्त गरेको थिए । त्यसबाट प्राप्त रकमले ३ वटा बाखा खरिद गरी व्यवसायिक रुपमा बृद्धि गर्दै जाने सोचका साथ अगाडि बढे । गत वर्षको ३ वटा बाखाबाट २ वटा पाठा उत्पादन भयो । अहिले

२ वटा खसी बिक्री गरी रु ३०,०००।- आम्दानी गरे । कोभिड १९ को महामारीको बेलामा जुन रकमबाट घरायसी प्रयोजनको लागि नुन, तेल, चामल तथा स्वास्थ्य उपचारको समेत राहत मिल्यो ।



आयोजनामा काम गरेको अवस्था (टिमुरको बिरुवा लगाउदै र छिहिरो संरक्षण गर्दै )

आ.व. २०७७।०७८को लागि पुनः सूचिकृत भई नाली निर्माण तथा आयमूलक बृक्षारोपण रोजगार उपभोक्ता समितिको अध्यक्षको पदमा ११ जनाको नेतृत्व तथा जिम्मेवारी लिई म आफू पनि श्रम गर्न खटिए । त्यस आयोजनामा मैले १०० दिनको रोजगारी गरी ५१७-का दरले रु ५१७००।- मा कर कट्टी गरी बाँकी रकम रु ५११८३।- प्राप्त गरे । प्राप्त रकमबाट हाल कागती, सुन्तला, लिची जातका १०० वटा फलफूलका बिरुवा लगाएको छु । साथै ३ वटा बाखा समेत थपेको छु । यसबाट मलाई दिर्घकालिन स्वरोजगार सिर्जना भई आर्थिक बृद्धि गर्न टेवा मिल्नेछ भन्ने उद्देश्यका साथ अगाडि बढेको छु । साथै कोभिड १९ को महामारीको बेलामा जुन रकमबाट घरायसी प्रयोजनको लागि नुन, तेल, चामल तथा स्वास्थ्य उपचारको लागि समेत राहत मिल्यो । आगामी दिनमा दिर्घकालिन स्वरोजगार सिर्जना गर्नको लागि सीपमूलक सिकर्मी, डकर्मी, प्लम्बिङ, इलेक्ट्रिक तालिमको आवश्यकता रहेको महशुस गरेको छु ।

आगामी आर्थिक वर्ष २०७८।०७९ मा आयोजनाको प्रभावकारी कार्यान्वयनबाट बेरोजगार युवा युवतीले मन पराएको, क्षमता अनुसारको रोजगारको अवसर र समय सापेक्ष पारिश्रमिक/ज्याला पाइनेछ भन्ने उच्च अभिलाषाका साथ दैनिकी अगाडि बढाएको छु । मेरो कामबाट जीवनमा आएको परिवर्तनले मेरो गाउँ टोल र समुदायमा **श्रमको सम्मान** गर्नुपर्छ भन्ने भावना समेत सिर्जना भएको छ ।

मेरो काम प्रति जति बेला पनि हौसला प्रदान गर्ने गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्ष सहित कार्यक्रमका रोजगार संयोजक प्रति हार्दिक आभार तथा धन्यवाद प्रकट गर्दछु ।



**स्रोत**





बाख्रापालन र फलफूल बिरुवा लगाउँदै गरेको अवस्था

**स्रोत संकलक/विश्लेषक**

दुर्गा पछाई

रोजगार संयोजक

रिब्दीकोट गाउँपालिका, पाल्पा